# ऐरावती गाउँपालिका क्षेत्रभित्रका तथा सिमानाका नदी, तथा खोलाहरुको

# प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदन

# तयार गर्नको लागि बनाईएको

## कार्यसूची

**प्रस्तावक**

**ऐरावती गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यलय**

**बरौला, प्यूठान,**

**असोज २०७७**

# विषय सूची


१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना :

१.१ प्रस्तावको नाम :

१.२ प्रस्तावकको नाम र ठेगाना

१.३ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने संस्था/व्यक्ति

२. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता :

२.१ प्रस्तावको पृष्ठभूमि :

२.२ प्रस्तावको प्रकार :

२.३ प्रस्तावको प्रमुख :

२.३.१ प्रस्तावको क्षेत्रको अवस्थिति

२.३.२ प्रस्तावित क्षेत्रमा यातायातको पहुचमार्ग :

२.३.३ प्रस्तावको क्षेत्र निर्धारण :

२.३.४ सङ्कलन तथा उत्खनन् र ढुवानी (कार्य र विधि) :

२.३.५ प्रारम्भिक वातावरणीय परीक्षण IEE को कार्यसुचि (Terms of Reference) का उद्धेश्यहरु :

२.३.६ प्रारम्भिक वातावरणीय परीक्षण IEE को उद्देश्यहरुः

३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि

३.१. प्रारम्भिक अध्ययन :

३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरु

३.४ फिल्ड अध्ययन भ्रपणको कममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने :

३.४.१ भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन :

३.४.२ जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलन :

३.४.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

३.४.४ तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुगमन

४.प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति , ऐन नियम तथा निर्देशिका

५.प्रतिवेदन तयार गर्दा लाग्ने समय र लागत

५.१ अध्ययनको समय तालिका (Time Schedule) :

५.२ अध्ययन खर्च लागत :

५.३ अध्ययन टोली (Study Team) :

६.वस्तुगत वातावरण वातावरणीय अवस्थाको बयान :

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव :

७.१ भौतिक वातावरण

७.२ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

७.३ जैबिक वातावरण

७.४ रासायनिक वातावरण

८. प्रस्ताव कार्यन्वयनका विकल्पहरु

८.१ प्रस्ताव कार्यान्वयन नगर्ने :

८.२. प्रस्तावका विकल्पहरु :

९. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु : 1

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु : 1

११. अन्य सान्दर्भिक विष्यवस्तु : 1

१२. प्रतिवेदनको ढाँचा : 1

# १. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना :

## १.१ प्रस्तावको नाम :

लुम्बिनी प्रदेश अन्तरगत पर्ने प्युठान जिल्लाको ऐरावती गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र वा सिमानामा पर्ने झिम्रुक, माडी वा अन्य खोलाको बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन तथा व्यबस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण ।

## १.२ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्रस्ताव गर्ने संस्था/व्यक्ति

**नाम :** श्री ऐरावती गाउँपालिकाको कार्यालय, प्युठान
**ठेगाना** : ऐरावती-२, बरौंला प्यूठान, लुम्बिनी प्रदेश ।
**ईमेल :** info@airawatimun.gov.np
**फोन नं. :** ९८५७८३३०२३

## १.३ प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन तयार पार्ने व्यक्ति वा संस्था

**अध्ययन टोली:**

- टोली प्रमुख (भौतिक विकास विज्ञ)
- वातावरण विज्ञ
- अर्थ शास्त्री/समाजशास्त्री
- सिभिल इन्जिनियर/ भुभर्गशास्त्री

# २. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता :

## २.१ प्रस्तावको पृष्ठभूमि :

प्यूठान जिल्लाको ऐरावती गाउँपालिकाको भौगोलिक सिमा क्षेत्रभित्र पर्ने झिमरुक तथा माडी खोला क्षेत्रमा प्रशस्त मात्रामा ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उपलव्ध रहेको छ । यी निर्माण सामाग्रीहरुको दिगो एवं वातावरणमैत्री संकलन तथा प्रयोगले स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदूरहरुको जीवन स्तरमा बृद्धि हुनुको साथै बिकास निर्माण ,घर तथा बाध निर्माणको सामाग्री ( ढुङ्गा, गिट्टी, वालुवाको) उपलब्धतामा बृद्धि हुनेछ ।

वर्षाको समयमा झिमरुक खोलाले ढुङ्गा, गिट्टी, वालुवा तथा नदिजन्य पदार्थ थुपार्ने गर्दछ । यी सामाग्री नदिको बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । साथसाथै यी थुपारिएका सामाग्री निमार्ण कार्यमा ज्यादै उपयोगी हुन्छन । जनसंख्या वृद्धि र शहरीकरणको गतिलाई हेर्दा निर्माण सामाग्रीको माग बढिरहेको छ । यी समाग्रीको दिगो एवं वातावरणमैत्री संकलन/उत्खनन गर्ने योजना बनाउनाले स्थानीय रुपमै निमार्ण सामाग्री उपलब्ध हुनेछ भने प्रकोप न्युनिकरण हुने अपेक्षा गरिएको छ। साथै यसबाट गाँउपालिकालाई राजश्व संक्लन गर्नमा सघाउ पुग्ने र गाँउपालिकाको आय श्रोतमा बृद्दि हुने देखिन्छ ।

यस गाउँपालिका क्षेत्रमा विभिन्न सार्वजनिक तथा नीजि क्षेत्रबाट विकास निर्माणका कार्यहरु द्रुत गतिमा अघि वढिरहेका छन् । उक्त निर्माणकार्यलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु जस्तै ढुंगा, वालुवा र गिट्टीको पनि माग यस जिल्लामा तिव्र रुपमा वढदै गइरहेको छ । ऐरावती गा.पा. भएर बग्ने खोला/नदीहरुका विभिन्न स्थानहरुमा ढुंगा वालुवा र ग्रवेल संकलन तथा बिक्री वितरण हुँदै आएको तथा नेपाल सरकारले वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ लागू गरेको अवस्थामा सोही ऐनको दफा ३ मा स्वीकृति लिएरमात्र ढुंगा वालुवा र ग्रवेल संकलन गर्न पाइने व्यवस्था भएको र ढुंगा, गिट्टी, वालुवा संकलन, उत्खनन र निकासीको अनुमती दिनु पूर्व उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार पारी स्वीकृती लिनुपर्ने प्रावधान रहेकोले गाँउपालिकाले नियमानुसार उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहे वमोजिम जिल्ला भित्रका प्रस्तावित खोलाहरुमा ढुंगा वालुवा र ग्रवेल संकलन गर्दा हाल के कस्तो वातावरणीय असर हुन्छ सो को लेखाजोखा गरि प्रतिवेदन तयार गर्न यो कार्यसुचि तयार गरिएको हो । साथै प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको म्याद २ वर्ष हुने र त्यस पश्चात फेरी अध्ययन गरेर मात्र उत्खनन् तथा संकलन कार्य अगाडी बढाउन पर्ने हुन्छ ।

## २.२ प्रस्तावको प्रकार :

यो प्रस्ताव प्यूठान जिल्लाको ऐरावती गाउँपालिकाको भुगोल भित्र पर्ने झिमरुक र माडी खोला क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा वालुवा) संकलन/उत्खनन् कार्यको लागि हो ।

## २.३ प्रस्तावको प्रमुख बिषेशताहरु :

| | | |
|---|---|---|
| १. | **प्रस्तावको नामः** लुम्बिनी प्रदेश अन्तरगत पर्ने प्युठान जिल्लाको ऐरावती गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र वा सिमानामा पर्ने झिम्रुक, माडी वा अन्य खोलाको बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन तथा व्यबस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण । | |
| २. | **प्रस्तावको अवस्थितिः** | |
| | प्रदेश : | लुम्बिनी |
| | जिल्ला : | प्यूठान |
| | गाउपालिका/नगरपालिकाः | ऐरावती गाउँपालिका |
| ३. | **भौगोलिक/हावापानी प्रकृति एवं विवरण :** | |
| | नदीको नाम र प्रकारः | झिमरुक खोला, माडी खोला, हरिया खोला, आदी |
| | भूबनोट : Terrain | पहाड |
| | माटो Soil | उर्वर |
| | हावापानी Climate | उपोष्ण (Sub-Tropical) |
| ४. | **संकलन/उत्खनन कार्य, स्थल र प्रकृयाः** | |
| | संकलन/उत्खनन क्षेत्र | झिमरुक र माडी खोलाको बिभिन्न वगर क्षेत्रहरु |
| | आक्षंश (Latitude) | 27°55'30"N to 28°03'00" |
| | देशान्तर (Longitude) | 82°52'30"E to 83°01'00" |
| | प्रस्तावत क्षेत्रमा जाने पहुचमार्ग | ग्राभेल तथा कच्ची बाटो |
| | संकलन/उत्खनन् विधि | श्रमिक (Labour), हातले (Manual) |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी | गैची, बेल्चा, कुटो, कोदालो, साबेल प्रयोग गरिने छ |
| | दैनिक/वार्षिक संकलन/उत्खननको परिमाण | दैनिक ७०० देखी ८०० घ.मि. भन्दा कम हुने |
| | संकलन /उत्खनन् गरीने अबधि | असोज १ गते देखि जेठ मसान्त सम्म (असार, श्रावण र भाद्रमा संकलन गर्नु पर्ने भएमा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिको |

| | | |
|---|---|---|
| | | स्वीकृत लिएर मात्र संकलन तथा उत्खन्न गर्ने) |
| | संकलन/उत्खनन स्थालको संख्या | छ |
| | संकलन/उत्खनन गरिने सामाग्रीहरु : | ढुङ्गा र गिट्टी, बालुवा |
| | प्रस्तावत अर्न्तगतका कार्यहरु : | संकलन, उत्खनन तथा ढुवानी र प्रभाव न्युनिकरणहरुको कार्यान्वयन |
| | प्रभावित गाँउपालिका, नगरपालिका, वस्ती, आदि | ऐरावती गाउँपालिका वडा नं. १, २ ,३ ,४, ५ र ६, |
| ५. | **IEE प्रतिवेदनको वैधानिकता :** | IEE प्रतिवेदन स्वीकृत भएको २ बर्ष सम्म |

**२.३.१ प्रस्तावको क्षेत्रको अवस्थिति**

प्रस्ताव क्षेत्रको आक्षंश, देशान्तर, संकलन/उत्खनन् स्थल, उक्त स्थालमा जाने नजिकको पहुचमार्ग उल्लेख गरिने छ साथै संकलन/उत्खनन क्षेत्रलाई नक्शामा देखाईने छ। साथै, सो क्षेत्रलाई Location Map, Topo Map, र Google Map मा देखाईनेछ।

**२.३.२ प्रस्तावित क्षेत्रमा यातायातको पहुचमार्ग :**

ढुङ्गा, गिट्टी, वालुवा, संकलन/उत्खनन क्षेत्रमा पुग्नका लागि पहुँचमार्ग ग्राभेल तथा कच्ची निकै रहेको छ। सबै क्षेत्रहरुमा ग्राभेल, गाम्रीण तथा कच्ची बाटो छन्। यस बाटोको मर्मत गरेमा टिप्पर,ट्राक्टर र ढुवानीका साधनहरु चल्न सक्दछन्।

**२.३.३ प्रस्तावको क्षेत्र निर्धारण :**

झिमरुक र माडी खोलाको विभिन्न क्षेत्रमा ढुंगा गिट्टी, बालुवा उत्खनन्/संकलन क्षेत्र रहेको छ। सङ्कलन/उत्खनन् गर्ने क्षेत्र निर्धारण गरि आक्षंश (Latitude) र देशान्तर (Longitude) दिनुका साथै उपर्युक्त टोपोनक्शामा (TopoMap) तथा गुगलनक्शामा (GoogleMap) देखाइनेछ।

**उच्च प्रभाव क्षेत्र**

यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने स्थल पर्दछ। संकलन तथा उत्खनन गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि क्षेत्र तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिइएको छ।

**न्यून प्रभाव क्षेत्र**

प्रस्तावित खोलाको संकलन तथा उत्खनन स्थलबाट १५० मी. देखि ५ कि. मी सम्म पर्ने वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि न्यून प्रभाव क्षेत्रलाई राखिएको छ।

**२.३.४ सङ्कलन तथा उत्खनन् र ढुवानी (कार्य र विधि) :**

निर्दीष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैति, साबेल आदिबाट गरिने छ। नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यमा संलग्न जनशक्तिलाई समाज तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव बारे अभिमुखिकरण तालिम द्वारा सचेत गराईने छ। नदीको प्राकृतिक बहावमा प्रतिकुल असर पर्ने र बहाव मार्ग परिवर्तन हुने गरि संकलन/उत्खनन् गर्न दिईने छैन। पानी भएको क्षेत्रमा संकलन/उत्खनन् कार्य नगर्ने र संकलन/उत्खनन कार्य दिउंसो मात्र गरिने छ। बर्षाको समयमा असार महिना देखि भाद्र महिना सम्म संकलन/उत्खनन् कार्य गरिने छैन र अन्य समयमा ढुवानी कार्य गर्न ट्रलि, ट्राक्टरको तथा टिपरको प्रयोग गरिने छ।

**२.३.५ प्रारम्भिक वातावरणीय परीक्षण IEE को कार्यसुचि (Terms of Reference)का उद्धेश्यहरु :**

प्रस्तावित कार्यसुचि वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यबस्थापन मापदण्ड ,२०७७, ऐरावती गाउँपालिकाको प्रारम्भकि वातावरणीय परिक्षण कार्यविधि २०७७ लगाएत नेपाल सरकार, प्रदेश सरकार एवं ऐरावती गाउँपालिका बाट जारिभएका प्रचलित नीति, नियम, विधि, निर्देशिका लगायत सर्वोच्च अदालतको निर्णय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट विभिन समयमा भएका निर्देशनहरुको अधीनमा रही निम्नानुसार उद्देश्यहरु समावेश गरिएका छन् –

- मुख्य सवालहरुलाइ कार्यसुचिमा परिदृश्य गराउनु।
- प्रारम्भिक वातावणीय परीक्षणका लागि मार्गदर्शन दिनु।
- सम्पादन गरिने कार्यहरुको व्यवस्थित सुचि तथा क्रियाकलाप स्पष्ट बनाउनु।
- अध्ययनका लागी आवश्यक पर्ने निति, ऐन, नियम, निर्देशिका, निर्णयहरु,संबिधानका प्रावधानहरु एंव अदालतका नजिरहरुको संकलन र पुरावलोकन गर्नु।
- अध्ययनका लागी समय, वजेट, जनशक्ति आदि बारेमा रुपरेखा तयार पार्नु।

**२.३.६ प्रारम्भिक वातावरणीय परीक्षण IEE को उद्देश्यहरुः**

ऐरावती गा.पा.को भौगोलिक क्षेत्रभित्रका खोलाबाट ढुंगा, ग्राभेल संकलन गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरि दीगोरुपमा यस नदीबाट ढुंगा, वालुवा, ग्रावेल संकलनमा टेवा पुऱ्याउनु IEE को प्रमूख उद्देश्य रहेको छ। अन्य बिशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन्।

- प्रस्तावित क्षेत्रको वातावरणको बारेमा आधाभुत तथ्याङ्कहरु उपलब्ध गराउनु।

- प्रस्तावित क्षेत्रमा ढुगां, गिट्टी तथा बालुवाको संकलन उत्खनन कार्यहरुले गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक तथा संस्कृतिक वातावरणमा पर्ने असरहरु पत्ता लगाउनु ।
- वातावरणमा पर्ने नकारात्मक प्रभावको न्यूनिकरणका उपायहरु र सकारात्मक प्रभाव बढाउने उपायहरु बरे व्यवहारिक उपायहरु दिने ।
- वातावरणीय अनुगमन योजना बनाई कार्यान्वयन गर्ने ।
- वातावरणीय प्रभाव मुल्यांकन अध्ययन आवश्यक रहे नरहेको यकिन गर्न ।
- बर्षेनी खेर गईरहेको उत्पादित सामाग्री निर्माण  कार्यमा प्रयोग गरी राजश्व परिचालनको संभाव्यता पत्ता लगाउन ।
- नदीनालाको बहाव परिवर्तन हुनसक्ने र त्यसबाट हुन सक्ने क्षति रोक्न, आफ्नो बहावमा बगिरहन दिन उपाय पहिचान गर्नु ।
-
- नदीको अवस्था स्थिति र वहावलाई नियन्त्रण गरी नदीजन्य प्रकोप जोखिम घटाउन उपाय अवलम्बन गर्ने ।
- खोलाको बहाव र वनोट व्यवस्थित गरि ढुंगा, गिटी, वालुवाको उत्खनन्बाट राजश्व तथा आम्दानी प्राप्त गर्ने ।
- स्थानीय स्तरमा वैकल्पिक रोजगारीको सिर्जना गरी थप आय आर्जनको अवसर प्रदान गर्ने ।
- स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा प्राकृतिक स्रोतबाट योगदान दिने ।
- जिल्ला र वरिपरिको भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक सामग्री आपूर्ती गर्ने अध्ययन गर्ने ।
- समग्रमा प्राकृतिक र मानवीय आवश्यकतालाई सन्तुलित उपयोगमा योगदान पुऱ्याउने ।

### २.३.७ प्रारम्भिक वातावरणीय परीक्षण IEE को आवश्यकताः

उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी सो को आधारमा नदीबाट ढुंगा, वालुवा, ग्रावेल संकलन गर्दा स्थानीय वातावरणमा के कस्तो सकारात्मक वा नकारात्मक प्रभाव पर्छ भनी यकीन गर्नु नितान्त आवश्यक हुन्छ । ढुंगा, वालुवा, ग्रावेल संकलन बाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्न नदिन र तिनको नकारात्मक प्रभाव कम गर्न यस नदी बाट ढुंगा, वालुवा, ग्रावेल संकलनका लागी प्रारम्भिक वातारणीय परीक्षण तयार पारिएको छ । वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ मन्त्रालयका निर्देशनहरुको अधीनमा रही संकलन तथा बितरण समेत गर्नलाई यो प्रस्ताव तयार पारिएको हो ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ र वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २, नियम ३ संग सम्बन्धित ग ७ ,अनुसार नदिनाला सतहबाट दैनिक ५०० घनमिटर भन्दा बढी १००० घनमिटर सम्म वालुवा, ग्रावेल, गिर्खा माटो निकाल्न प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य रहेको छ ।

## ३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि

### ३.१. प्रारम्भिक अध्ययन :

यस प्रकारको अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिने छ । कार्यालयमा नै Field बाट प्राप्त सुचनाहरुको विश्लेषण तथा समायोजन गरिने छ । प्रस्ताव कार्यान्वयन हुने क्षेत्र त्यहा वरपरको भौतिक वातावरण सम्बन्धि जानकारी हासिल गर्न टोपोग्राफीक नक्शा (Topographic Map), भू उपयोगिता सम्बन्धि नक्शा (Land Utilization Map), भूमि प्रणाली नक्शा (Land system Map), जिल्लाको नक्शा (District Land system Map) नक्शाहरुको अध्ययन गरिनेछ ।

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्धेश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्ने छ । यस क्रममा खासगरी वन क्षेत्रको नीति २०७१, वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन-२०७४, वन ऐन २०७६, वन नियमावली २०५१, जैविक विविधता सम्बन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, ढुंगा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ , सामुदायिक वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रारम्भिक वातावरण परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भु संरक्षण ऐन, प्रमुख रुपमा रहने छन् । साथै यस प्रस्तावसँग सम्बन्धित हुनसक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन हुने छ ।

### ३.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्ने छ । प्रतिवेदन तयार गर्न आवश्यक पर्ने सूचनाहरु स्थलगत सर्वेक्षण र GPS बाट सर्भे तथा नक्सांकन गरि सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिने छ । प्रतिवेदन तयार पार्न आवश्यक पर्ने प्रारम्भिक भौतिक तथा जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत भ्रमण, सर्वेक्षणबाट र सामाजिक, आर्थिक र सास्कृतिक वातावरणीय तथ्याङ्कहरु घरधुरी सर्वेक्षण, सहभागीतामूलक ग्रामीण लेखाजोखा वा सहभागितामूलक नक्शाहरुबाट संकलन गरिने छ ।

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु जिल्लाबाट प्रकाशित हुने वा भएका विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गरिने छ र सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिस्ट तयार

पारिने छ । खोलाहरु र त्यहाँका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी र किराफट्याङग्राहरुको समेत जानकारी हासिल गर्न आवश्यक चेकलिस्ट तयार पारिने छ ।

## ३.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरु

यसमा वातावरण संरक्षण नियमावली २०७७ को अधीनमा रही यसले सुझाएको प्रक्रिया अनुसरण गरि वातावरणीय अध्ययन गरिने छ । जसअनुसार सर्वप्रथम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि तयार कार्यसूची स्वीकृत भए पश्चात् कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिने छ । उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझाव प्रस्तावित स्थान वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधता क्षेत्रको स्थलगत भ्रमण गरी प्रारम्भिक वातावरणीय परीक्षण गरिने छ । यसरी अध्ययन गरी प्राप्त जानकारी र जनप्रतिनिधीहरु संलग्न गरी सरोकारवालाहरु समेतको राय सुझावको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण मस्यौदा प्रतिवेदन तयार गरिने छ ।

## ३.४ फिल्ड अध्ययन भ्रपणको क्रममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरणसम्बन्धी विवरण तयार गर्ने :

### ३.४.१ भौतिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन :

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुको स्थलगत अध्ययन विश्लेषण गर्ने छ । यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता, Key Informants, Local Workers, truck and Tractor owners, Local Collecters सँग समूहगत वा एकल सोधपूछ र छलफल गरी त्यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिने छ भने रासायनिक पदार्थहरुको प्रभाव तथा प्रतिकूल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सुझाव समावेश गरिने छ ।

### ३.४.२ जैविक वातावरणसम्बन्धी तथ्याङ्क संकलन :

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्ने छ । यसको लागि टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, वनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट गर्ने छ । त्यसै गरि पानीमा पाइने माछा लगाएत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाह गर्ने माछाहरीहरुसँग सोधपुछ गर्ने र संकलित नमुनाहरुको पहिचान गरिनेछ । साथै यहा पाइने चरा पुतली, किरा, स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय  जनता, Key Informents, Local Workers, Local Collecters, truck and Tractor owners सँगसोधपुछ गरी त्यस क्षेत्रको जैविक वातावरणको जानकारी

संकलन गरिने छ। साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकूल वा प्रतिकूल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिने छ।

## ३.४.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

यस प्रकारको तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोबास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका १० घरधुरी सर्वेक्षण गरिने छ। उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनले पार्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गरिने छ। यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, पेशा, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइने छ। तयार गरिएका प्रश्नावलीहरु छनोट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू–स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी ढुङ्गा गिटी र वालुवाको उपयोगसम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिने छ।

## ३.४.४ तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुगमन

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-सांस्कृतिक-आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिने छ ।

प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिकामा राख्ने तथा प्रतिवेदनको उपयुक्त भागमा समाबेश गरी त्यसको संख्या समेत गणना गरिनेछ।

यस प्रस्ताव कार्यान्वयन क्षेत्रको सन्दर्भ सामाग्री तथा फिल्डको अनुगमन पुनरावलोकन बाट प्राप्त जानकारीलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको पहिचान गरी त्यसको जैविक, भौतिक, सामाजिक आर्थिक गरी ३ शिर्षक अर्न्तगत छुट्याईनेछ। पहिचान गरिएका सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरुको अनुमान गरिनेछ। वातावरणीय पद्धतीको विश्लेषण गर्न मेट्रिक्स प्रणाली अपनाईनेछ। प्रस्ताब सँग सम्वन्धित नीति, कानुन, नियम, निर्देशिका र पूर्व अनुभव तथा विशेषज्ञताको आधारमा ठहर गरिनेछ।

राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका २०५० बमोजिम प्रभावलाई प्रकृति (Nature), मात्रा (Magnitude), सिमा (Extent), र समायावधि (Duration) मा बर्गीकरण गरिए बमोजिम प्रकृतिलाई प्रत्यक्ष (Direct) र अप्रत्यक्ष (Indirect), मात्रालाई उच्च, मध्यम र निम्न, सिमालाई स्थानीय, स्थान विशेष र क्षेत्रीय र अवधिलाई दीर्घकालिन, मध्यम र अल्पकालिन गरी ३ भागमा विभाजन गरि विश्लेषण गरिनेछ।

उपरोक्त बुँदाहरुमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरुलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट पारिने छ ।

## ४.प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति , ऐन नियम तथा निर्देशिका

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा निम्न बमोजिमका सरकारी नीति, ऐन, नियम तथा निर्देशिकाहरुलाई मूख्यरुपमा ध्यान दिई त्यसैको आधारमा तयार गरिने छ।

| | |
|---|---|
| **संविधान** | • **नेपालको संविधान** |
| **नीति तथा रणनीतिक योजनाहरु** | • राष्ट्रिय जैविक विविधता सम्बन्धि रणनीति, २०६३<br>• वातावरण सम्बन्धित नीति<br>• राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ |
| **ऐन तथा नियमहरु** | • वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियावली, २०७७<br>• वन ऐन, २०७६ र वन नियमावली, २०५१<br>• भू -तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२<br>• जलस्रोत ऐन, २०४९<br>• जलचर ऐन, २०१७<br>• खानी तथा खनिज पदार्थ ऐन, २०४२ (संशोधन २०५०)<br>• फोहर व्यवस्थापन ऐन, २०६८<br>• श्रम ऐन, २०७४<br>• बालश्रम ऐन २०५६<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ |
| **निर्देशिका एवं मापदण्डहरु** | • राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०<br>• वन क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका,२०५२<br>• वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०<br>• वनसंग सम्वन्धित अन्य निर्देशिकाहरु<br>• प्रदेशस्तरबाट नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यका लागि कार्यविधि २०७५<br>• ढुंगा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७<br>• ऐरावती गा.पा.को संक्षीप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय परिक्षण कार्यविधि, २०७७। |
| **अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु** | • जैविक विविधता महासन्धि (१९९२)<br>• CITES महासन्धी (१९८३) |
| **निर्णयहरु तथा अन्य सम्बन्धित प्रसंगहरु** | • ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको निर्णय<br>• ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्बन्धमा मन्त्रीपरिषद्का निर्णयहरु, मन्त्रालयस्तरीय निर्णयहरु, केन्द्रीय अनुगमन तथा समन्वय समितिका निर्णहरु तथा अन्य सम्बन्धित निर्णय, निर्देशन, परिपत्र, |

| | |
|---|---|
| | आदेशहरु । |

## ५.प्रतिवेदन तयार गर्दा लाग्ने समय र लागत

### ५.१ अध्ययनको समय तालिका (Time Schedule) :

| क.स. | क्रियाकलापको विवरण | समय | |
|---|---|---|---|
| | | पहिलो महिना | दोस्रो महिना |
| १ | तथ्याङ्क संकलन (Primary and Secondary Information collection) सन्दर्भ सामग्रीहरुको अध्ययन र कार्यसुचि तयारी | ■ | |
| २ | गाउँपालिकामा कार्यसुचि पेश गरि स्वीकृति लिने | ■ | |
| ३ | सार्वजनिक सुचना प्रकाशन, चेकलिष्ट तथा प्रश्नावली तयारी, स्थलगत जानकारी संकलन र सार्वजनिक अन्तरक्रिया | ■ | ■ |
| ४ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदा (ड्राफ्ट) तयार | ■ | ■ |
| ५ | सरोकारवालाबाट प्राप्त सुझाव समावेश गरि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन लेखन | | ■ |
| ६ | गाउँपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गरि स्वीकृति लिने | | ■ |

### ५.२ अध्ययन खर्च लागत :

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा लाग्ने खर्च प्रचलित कानुनको अधिनमा रही सम्झ्यौता बमोजिम हुने छ ।

### ५.३ अध्ययन टोली (Study Team) :

**अध्ययन टोली:**

- टोली प्रमुख (भौतिक विकास विज्ञ)
- वातावरण विज्ञ
- अर्थ शास्त्री/समाजशास्त्री
- सिभिल इन्जिनियर/ भुभर्गशास्त्री

Ⓢ 2066/06/02

# ६.वस्तुगत वातावरण वातावरणीय अवस्थाको बयान :

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यान्वयन गर्दा यस कार्यक्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावलाई निम्नानुसार समावेश गरिने छ –

## ६.१. भौतिक एवं प्राकृतिक असर :

- ढुङ्गा, बालुवा, गिट्टी आदिको संकलन र ढुवानी गर्दा नदी वरपरको माटोको भौतिक तथा रासायनिक गुणमा पर्ने असरहरु स्थानीय भू-स्वरुप, भू-बनोट र माटोको अवस्थामा आउन सक्ने परिवर्तन ।
- खोलाहरु र वरपरका बाटोमा पर्ने वनमा मानिस र गाडीहरुको निरन्तर प्रवेशले बाटो बन्न गई भू-क्षय हुन सक्ने ।
- वन र वातवरणको प्राकृतिक सौन्दर्यमा आउनसक्ने पविर्तन र अन्य भौतिक असरहरु ।
- भौतिक संरचनाहरु चर्कन तथा भत्कन गई पर्ने असर

## ६.२. जैविक असरहरु :

- नदी र वरपरको वन र त्यहांको परिस्थितिक प्रणलीहरुको जैविक विविधता र जीवजन्तुका प्रंजातिको संख्यामा आउन सक्ने परिवर्तन र प्रभाव ।
- जलचरको बासस्थानमा पर्नसक्ने प्रभाव ।
- नदी र वरपरको वनमा मानिसको प्रवेशले वन पैदवार चोरी निकासी हुँदा हुने असर ।

## ६.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक असर :

- प्रस्ताव कार्यान्वयन क्षेत्रभित्र वा आसपासका धार्मिक मठ मन्दिर, गुम्बा आदि जस्ता पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक एव. पर्यटकीय महत्वका स्थान विशेषमा पर्नसक्ने प्रभाव
- स्थानीय स्तरमा विकास कार्यहरु (शिक्षा, स्वास्थ्य, संचार, खानेपानी, यातायात) मा र आर्थिक अवसरहरुमा पर्नसक्ने प्रभावहरु ।
- स्थानीय रोजगारीमा पर्नसक्ने प्रभाव र त्यसबाट सामाजिक, आर्थिक अवस्थामा पर्नसक्ने प्रभाव
- स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदूरहरुको जीवन र स्वास्थ्यमा पर्न सक्ने प्रभाव ।

## ७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव :

### ७.१ भौतिक वातावरण

- बढी एवं अन्य जलउत्पन्न प्रकोप्
- नदीको वहाब, बाटोमा आउने प्रभाव
- भौतिक संरचनामा हुने असर
- पानी तथा सरसफाइ
- धुलो र ध्वनि प्रदुशनको असरहरु
- सङ्कलन तथा उत्खनन् सामग्रीको भण्डाको प्रभाव
- फोहरमैला एवं खेरजाने सामग्री

### ७.२ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

- आयस्रोतको एवं रोजगारीको अवसर
- बाटो र सडकसञ्जाल
- गा.पा को आयस्रोत
- विकार निर्माण सामग्रकिो उपलब्धता
- धार्मिक, सांर्स्कतिक एंव ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य तथा सुरक्षामा असर पर्नु
- जनसङ्ख्या विस्थापना
- खेतीयोग्य जमिन एंव कृषिजन्य सामग्री
- कामदारबीच झै झगडा
- नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रपण
- पैदलयात्रीको सुरक्षा

### ७.३ जैबिक वातावरण

- माछा एवं अन्य जलचरमा पर्ने प्रभाव
- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार

### ७.४ रासायनिक वातावरण

- इन्धन, लुब्रिकेन्ट्स, अम्ल तथा अन्य रसायनहरुको चुहावट
- धुलो एवं धुँवा उत्सर्जन

## ८. प्रस्ताव कार्यन्वयनका विकल्पहरु

विकल्प विश्लेषण वातावरणीय प्रभाव अध्ययनको महत्वपुर्ण अंगको रुपमा लिइन्छ। नदिजन्य पदार्थ प्रसोधन गर्दा उद्योग क्षेत्रका साथै वरपर क्षेत्रमा कुनै किसीमको हानी नोक्सानी नपारी तथा वातावरणमा कुनै प्रभाव नपार्ने गरी सन्चालन गर्ने व्यवस्था गरिनेछ। उद्योग सन्चालन कार्यमा वातावरणलाइ असर नपार्ने परम्परागत तथा आधुनिक साधनको प्रयोग गरिनेछ। प्रस्तावना कार्यन्वयनको बिकल्पको आधार तयार गर्दा सकारात्मक फाईदाहरुलाई बढावा दिने तथा नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने रहेको छ । वातावरण संरक्षण नियामावाली २०७७ को अनुसुचि ७ मा उल्लेख भए अनुसार विश्लेषण गर्नु पर्ने विकल्पहरु निम्नानुसार रहेका छन्।

### ८.१ प्रस्ताव कार्यान्वयन नगर्ने :

### ८.२. प्रस्तावका विकल्पहरु :

८.२.१ वैकल्पिक क्षेत्र

८.२.२ वैकल्पिक समय तालिका एवं विधि

८.२.३ वैकल्पिक श्रोत

उपर्युक्त विकल्पहरुमध्ये अध्ययन र विश्लेषणबाट प्राप्त नतीजाको आधारमा उपयुक्त विकल्प छनौट गरिने छ।

## ९. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु :

प्रस्तावको बढोत्तरीकरण/न्यूनीकरण गर्ने उपायहरुको चर्चा गर्दा देहायका विषयवस्तुहरु समावेश गरिनुपर्दछ। अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरुको बढोत्तीकरण गर्ने उपायाहरु एवं हरेक नकारात्मक प्रभावहरु निषेध गर्ने/सच्याउने/क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरु प्रतिवेदनमा उल्लेख गरिनेछ । यो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु कम गर्न लाग्ने खर्च र त्यसबाट प्राप्त हुनसक्ने आर्थिक र अन्य लाभहरुबारे विश्लेषण गरी उपयुक्त सुझाव प्रतिवेदनमा समावेश गरिनेछ ।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरु प्रस्ताव कार्यान्वयनको (सङ्कलन/उत्खनन् ढुवानी) चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वर्गीकरण गरिनेछ ।

वनस्पति एवं वन क्षेत्र सँग सम्वन्धित न्यूनिकरणको उपायहरु प्रस्ताव गर्दा “वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३” अनुरुप प्रस्ताव गरिनेछ ।

हरेक वातावरणीय प्रभावलाई समेट्ने गरी वातावरणीय “प्रभाव-म्याट्रिक्स” तयार पारिनेछ ।

## १०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु :

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० ले ,अबस्था अनुसार आधार रेखा अनुगमन (Baseline Monitoring), नियमपालन अनुगमन (Compliance Monitoring) र प्रभाव अनुगमन (Impact Monitoring) गरी ३ प्रकारका अनुगमन प्रस्ताव गरिएका छन् । यस प्रारम्भीक वातावरणीय परीक्षणले गरिने अनुगमन प्रस्तावहरुको विस्तृत विवरण यस प्रकार रहेका छन ।

**आधार रेखा अनुगमन**

आधार रेखा अनुगमनको लागि स्थानिय निकाय जिम्मेवार हुनेछ । भ्रमणको क्रममा कर्मचारीले वातावरणीय असरहरु, नजिकका रुखहरुको अवस्था आदि हेर्नेछन । यस प्रकारको अनुगमन प्रत्येक ६/६ महिनामा गर्नुपर्नेछ ।

**नियमपालन अनुगमन**

सम्झौता अनुसार वा कानूनी पालना गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी स्थानिय निकाय हुन्छ भने सोको पालना गर्ने दायीत्व संचालनकर्ता को हुन्छ । यसप्रकार नियमपालन गराउने र गर्ने क्रममा हुने अनुगमनमा सम्बन्धित निकायले तल प्रस्तुत गरे अनुसारको कार्यहरु गर्नु पर्नेछ ।

- प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनले प्रस्ताव गरेका वातावरणीय न्यूनीकरणका कार्यहरु भए नभएको अनुगमन गर्ने ।
- भौतिक, जैविक र सामाजिक संरचनाहरुको संरक्षण भए नभएको अनुगमन गर्ने ।

**प्रभाव अनुगमन**

योजना सञ्चालन गर्दा पर्न सक्ने प्रभावहरुको निरन्तर अनुगमन हुनु आवश्यक हुन्छ । प्रभाव अनुगमनको प्रमुख जिम्मेवारी प्रदेश स्थरको सम्बन्धित निकाय, स्थानिय निकाय र संचालनकर्ता रहनेछ । प्रभाव अनुगमन कार्य गर्दा देहायका विषयहरुमा ध्यान दिनुपर्ने र गर्नुपर्नेछ ,

- योजना क्षेत्र वरपरका जनतासंग निरन्तर सल्लाह र सुझाव माग्ने ।
- योजना क्षेत्र वरपरका वन तथा वन्यजन्तुलाई असर परे नपरेको अनुगमन गर्ने ।
- वायु, जल र ध्वनीको प्रदुषण भए नभएको अनुगमन गर्ने । स्थानीय रोजगारी प्रदान गरे नगरेको अनुगमन गर्ने ।

Signature 2066/06/02

## ११. अन्य सान्दर्भिक विष्यवस्तु :

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनमा व्यवस्थापन योजना बनाई देहायका विषयवस्तुहरु समावेश तथा उल्लेख गर्नुपर्दछ । प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा निम्नानुसारका कागजातहरु समेत प्रतिवेदन साथमा संलग्न राखी पेश गरिनेछ ।

- वातावरणीय व्यवस्थापना योजना कार्यान्वयनको लागि जिम्मेवारी तालिका ।
- प्राविधिक अनुगमन कार्यमा आवरुयक प्राविधिक जनशत्ति एवं अनुगनको खर्च विवरण ।
- स्थानीय तहमा रहने अनुगमन टोलीको विवरण एवं अनुगमन खर्च ।

वातावरण सुरक्षा,संरक्षण उपायहरुको लागत खर्च प्रस्ताव गर्नुअघि निम्न विषयहरु ध्यान दिइने छ ।

- सम्पत्ति क्षतिको लागि उपयुक्त क्षतिपूर्ति दिने ।
- वातावरणमा पर्ने प्रतिकूल प्रभावहरु न्यूनिकरण गर्नाका लागि उपयुक्त प्रभाव न्यूनीकरणका उपायहरुको चयन गर्ने।
- स्वस्थ एवं सरसफाइ गर्ने उपायहरु ।

लगत लाभ मूल्याङ्कनको निचोडमा निम्न कुराहरु उल्लेख गरिनेछ ।

- वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु ऋपनाउनको लागि लाग्ने खर्च ।
- सकारात्मक प्रभाव बढोत्तरीकरण्वका उपायहरु अवलम्वन गर्नका लाग्ने खर्च ।
- सामाजिक उत्थान कार्यक्रमको लागि लाग्ने खर्च ।
- वतावरणीय अनुगमनका गागि लाग्ने खर्च ।
- प्रस्तावको कूल आय ।
- वतावरणीय खर्च प्रस्तावको कूल आम्दानीको कति प्रतिशत हुन आउछ ।

# १२. प्रतिवेदनको ढाँचा :

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने प्रस्तावकले प्रकृति अनुरुप वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ११ मा उल्लेख भएको ढाँचा एवं ऐरावती गा.पा. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ अनुसारका बुँदाहरु समावेश प्रतिवेदन तयार गरिनेछ ।

१) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

२) प्रस्तावको सारांश

- प्रस्तावको उद्धेश्य :
- भुउपयोगको पर्ने असर
- वातावरणमा पर्ने प्रतिकुल प्रभाव
- जनस्वास्थ्य तथा मानव जीवनमा पर्ने असर
- जनसङख्या र जीविकोपार्जनमा पर्ने असर
- स्थानीय पुर्वाधारमा हुने क्षती :
- जलवायु परिवर्तन तथा विपद् उत्थानशिलतामा पर्ने असरः
- अन्य आवस्यक कुरा

३) प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने :

- प्रस्तावको किसिम :
- डेलिभरी गर्ने :
- प्रस्तावको बिबिध
- प्रयोग गरिने सामग्री (परिमाण र वर्ष)
- प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुन बस्तुहरु
- प्रयोग हुने ऊर्जा
- जनशक्ति
- प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने लगत तथा मेसिन
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण

४) प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

- सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव
- जैविक प्रभाव
- भौतिक प्रभाव

५) प्रभाव पहिचान अनुमान तथा मुल्यांकन

६) प्रस्ताव कार्यान्वयनका विकल्प

७) प्रभाव बढोत्तरी एवं न्युनीकरण गर्ने उपायहरु

८) वातावरणीय व्यवस्थापन योजना

९ अन्य आवश्यक कुरा

१०) निष्कर्ष तथा सुझावहरु